Journal of Janta Multiple Campus- JJMC, *5* (1), 2026, ISSN: 3021-9515 (Print)
https://doi.org/10.3126/jjmc.v5i1.97983

# 'सारस्वतेय' महाकाव्यमा सादृश्यमूलक अलङ्कार

डा. तीर्थराज भट्टराई[1*]

[1]*उप-प्राध्यापक, जनता बहुमुखी क्याम्पस इटहरी-५ , सुनसरी.*

** Email: tirtha2033@gmail.com*

## Article Info

**Article History:**

*Submitted 16 February 2026*

*Reviewed 02 March 2026*

*Revised 26 May 2026*

*Accepted 14 June 2026*

**Corresponding Author:**

*Tirtha Raj Bhattarai*

*Email: tirtha2033@gmail.com*

**ORCID:**

**Article DOI:**

https://doi.org/10.3126/jjmc.v5i1.97983

**Copyright Information:**

*Copyright 2026© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

**लेखसार**

पीताम्बरभोला लम्सालको *'सारस्वतेय'* (२०४७) महाकाव्यमा प्रयुक्त सादृश्यमूलक वर्गका अलङ्कारहरूको विश्लेषणमा यो लेख केन्द्रित रहेको छ । उपमान र उपमेयमा समान धर्म भएका अलङ्कारहरूलाई सादृश्यविच्छित्तिमूलक अलङ्कार भनिन्छ । यस्ता अलङ्कारहरूलाई साधर्म्यमूलक अलङ्कार पनि भनिन्छ । यस वर्गका अलङकारहरूमा दुई वस्तुका बिचमा द्रव्य, गुण, जाति, क्रिया, स्वरूप जस्ता कुरामा समानता प्रस्तुत गरिन्छ । *'सारस्वतेय'* महाकाव्यमा सादृश्यमूलक वर्गका अलङ्कारहरूको प्रयोग के कसरी गरिएको छ भन्ने समस्याको समाधानार्थ अलङ्कारहरूको प्रयोग स्थिति पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनमा पुस्तकालयबाट सामग्री सङ्कलन गरिएका *'सारस्वतेय'* महाकाव्यका नमुना श्लोकहरू प्राथमिक स्रोतका सामग्री र *'सारस्वतेय'* महाकाव्यको विश्लेषणसँग सम्बन्धित सामग्री द्वितीयक स्रोतका सामग्री रहेका छन् । यसको अध्ययन ढाँचा गुणात्मक प्रकृतिको रहेको छ । *'सारस्वतेय'* महाकाव्यमा अलङ्कार प्रयोगको अवस्था अध्ययनका लागि सूक्ष्म पठन विधिका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । ती सामग्रीहरूको अर्थापन, अलङ्कारको सैद्धान्तिक अवधारणा र सादृश्यमूलक वर्गका अलङ्कारहरूको लक्षण पहिचानका लागि मूलतः पूर्वीय अलङ्कार सिद्धान्तलाई आधार बनाइएको छ । यस लेखमा *'सारस्वतेय'* महाकाव्यका श्लोकहरूको अर्थापनका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । उक्त महाकाव्यका अर्थालङ्कारहरूको प्रयोगावस्थाको स्थिति पहिचान गर्नका लागि मूलतः रुय्यकद्वारा स्थापित अलङ्कारसिद्धान्तको सहयोग लिइएको छ भने अर्थसौन्दर्य प्रकाशित भएका श्लोकहरू उदाहरणका रूपमा प्रस्तुत गरी तिनको व्याख्या गरिएको छ । अन्त्यमा *'सारस्वतेय'* महाकाव्यमा प्रयोग भएका विविध अलङ्काहरूको सहज तथा स्वतःस्फूर्त अभिव्यक्तिले महाकाव्यको कथ्यअर्थ आस्वादनयुक्त भई महाकाव्यको काव्यात्मक उच्चता बढेको छ भन्ने निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट *'सारस्वतेय'* महाकाव्यमा सादृश्यमूलक वर्गका के कस्ता अलङ्कारहरूको के कसरी प्रयोग गरिएको छ भन्ने कुरा जान्न चाहने जिज्ञासुहरू लाभान्वित हुनेछन् ।

*शब्दकुञ्जीः* अर्थवैचित्र्य, अर्थसौन्दर्य, उपमा, काव्यसौन्दर्य, सारस्वतेय महाकाव्य

**विषयपरिचय**

प्रस्तुत अध्ययनको शीर्षक *'सारस्वतेय' महाकाव्यमा सादृश्यमूलक अलङ्कार* रहेको छ । *'सारस्वतेय'* (२०४७) पीताम्बरभोलाका सातओटा महाकाव्यहरूमध्ये प्रकाशनका दृष्टिले तेस्रो महाकाव्य हो । यो महाकाव्य अलङ्कारप्रधान भएकाले यसमा अभिव्यक्त अलङ्कारहरूले कथ्यअर्थमा प्रभावकारिता थपेका छन् । संस्कृतका महाकवि राजशेखरको काव्यमीमांसाको तृतीय अध्यायमा उल्लेख भएको काव्यपुरुषको उत्पत्तिसम्बन्धी काल्पनिक रूपकलाई उपजीव्य बनाएर यस महाकाव्यको कथावस्तु तयार भएको छ । हिमालयको उत्पत्ति र हिमाली प्रकृतिको चित्रणबाट यसको कथानक प्रारम्भ भएको छ भने काव्यकुमार र साहित्यकुमारीको विवाह भएपछि यसको कथानक समाप्त भएको छ । महाकाव्यको प्रारम्भमा सरस्वतीलाई मुख्य पात्र बनाइएको छ । उत्तरार्द्धमा भने काव्यकुमार र साहित्यकुमारीलाई मुख्य पात्र बनाइएको छ । यस महाकाव्यमा हिमाली प्रकृति र ऋतुहरूको वर्णन सुन्दर ढङ्गले गरिएको छ ।

अलङ्कारको सोझो सम्बन्ध कविताको अर्थसँग रहेको हुन्छ । कवितामा अलङ्कार कसरी एकाकार भएर आएका हुन्छन् भन्ने प्रक्रियाका बारेमा व्याख्या विश्लेषण गर्ने पद्धति नै अलङ्कार सिद्धान्त हो । कवितामा समग्र मानवीय अनुभूतिहरू प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । लम्सालले पनि *'सारस्वतेय'* महाकाव्यमा मानवीय जीवनका विविध अनुभूति, भाव र विचारहरूलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । *'सारस्वतेय'* महाकाव्यमा प्रयुक्त यिनै विविध कथ्यहरूमा सादृश्यमूलक वर्गका अलङ्कारहरूको प्रयोग केकसरी र किन गरिएको हो भन्ने कुरा समस्याकथनका राखी आजसम्म कसैले पनि गहन अध्ययन गरेको नभेटिएकाले *'सारस्वतेय'* महाकाव्यमा सादृश्यमूलक वर्गका अलङ्कारहरूको प्रयोग केकसरी र किन गरिएको हो भन्ने कुरालाई समस्या मानी सोही जिज्ञासाको समाधान गर्ने उद्देश्यले *'सारस्वतेय' महाकाव्यमा सादृश्यमूलक अलङ्कार* शीर्षक चयन गरी यो अध्ययन सम्पन्न गरिएको हो ।

उपमान र उपमेयमा समान धर्म भएका अलङ्कारहरूलाई सादृश्यविच्छित्तिमूलक अलङ्कार भनिन्छ । यस्ता अलङ्कारहरूलाई साधर्म्यमूलक अलङ्कार पनि भनिन्छ । यस्ता अलङकारहरूमा दुई वस्तुका बिचमा द्रव्य, गुण, जाति, क्रिया, स्वरूप जस्ता कुरामा समानता प्रस्तुत गरिन्छ । उपमान र उपमेयको सादृश्य प्रस्तुत गरी कुनै न कुनै रूपमा दुई वस्तुका बिचमा रहेको समान धर्मको वर्णन यस वर्गका अलङ्कारमा गरिएको हुन्छ । यसको पहिचान र विशेषता भनेको कुनै न कुनै रूपमा दुई वस्तुका बिचमा रहेको समान धर्मको वर्णन गर्नु हो । दुई वस्तुहरूका बिचको समान धर्मलाई साधर्म्य भनिन्छ । साधर्म्य एउटा सम्बन्ध हो जो उपमान र उपमेय दुवैमा रहन्छ (रुय्यक, सन् १९९४, पृ. ८४) । सादृश्यविच्छित्तिमूलक वा साधर्म्यमूलक वर्गका अलङ्कारअन्तर्गत उपमा, उपमेयोपमा, अनन्वय, स्मरण, रूपक, परिणाम, सन्देह, भ्रान्तिमान, उल्लेख, अपह्नुति, उत्प्रेक्षा, अतिशयोक्ति, तुल्ययोगिता, दीपक, व्यतिरेक, सहोक्ति, प्रतिवस्तूपमा, दृष्टान्त, समासोक्ति, परिकर, श्लेष, अप्रस्तुतप्रशंसा, अर्थान्तरन्यास पर्यायोक्ति, व्याजस्तुति र आक्षेप जस्ता अलङ्कारहरू पर्दछन् (भट्टाचार्य, २०५७, पृ.१८०) सादृश्यविच्छित्तिमूलक अलङ्कारलाई रुय्यकले अलङ्कारहरूको स्वरूपगत आधारमा भेदाभेदतुल्यतामूलक अलङ्कार, अभेदप्राधान्यमूलक अलङ्कार र गम्यौपम्यमूलक अलङ्कार गरी तीन उपवर्गमा विभाजन गरेका छन् (रुय्यक, सन् २०१६, पृ. ३०) । उपमा, उपमेयोपमा, अनन्वय, स्मरण भेदाभेदतुल्यतामूलक उपवर्गका अलङ्कारहरूमा पर्दछन् । रूपक, परिणाम, सन्देह, भ्रान्तिमान् उल्लेख, उत्प्रेक्षा अलङ्कार, अतिशयोक्ति र अपह्नुति अभेदप्राधान्यमूलक अलङ्कार उपवर्गका अलङ्कारहरूमा पर्दछन् । तुल्ययोगिता, कारकदीपक, व्यतिरेक, सहोक्ति,

प्रतिवस्तूपमा, दृष्टान्त, निदर्शना, समासोक्ति, परिकर, श्लेष, अप्रस्तुतप्रशंसा, अर्थान्तरन्यास, पर्यायोक्ति, व्याजस्तुति र आक्षेप जस्ता अलङ्कार गम्यौपम्यमूलक अलङ्कारमा पर्दछन् ( भट्टराई, २०८२, पृ.५५- ५६) । 'सारस्वतेय' महाकाव्यमा सादृश्यविच्छित्तिमूलक वर्गका अट्ठाइसओटा अलङ्कारहरूको सहज र स्वाभाविक प्रयोग भएको देखिन्छ । तिनीहरूको विश्लेषण यस लेखमा गरिएको छ ।

**पूर्वकार्यको समीक्षा**

*'सारस्वतेय'* महाकाव्यको विषयवस्तु र शैलीका सम्बन्धमा समीक्षकरूले समीक्षा गरेका छन् । यस क्रममा चापागाईँ(२०४७) ले "अलङ्कारका कुरा गर्ने हो भने पनि *'सारस्वतेय'*का श्लोकैपिच्छे एक एक अलङ्कार प्राप्त गर्न सकिन्छ । बरु स्थापित अलङ्कारदेखि अतिरिक्त नयाँ अलङ्कारहरू परिभाषित गर्नु पर्ने सम्भावना पनि रहला" भनेका छन् ('सारस्वतेय', २०४७, भूमिका ) । यस पूर्वकार्यले *'सारस्वतेय'* महाकाव्य अलङ्कारको प्रयोगशाला हो भन्ने कुरा सङ्केत गरेको छ । सुवेदी (२०४७) ले "अथक साधनाद्वारा संरचना गरिएको प्रस्तुत काव्यले कविको सहज प्रतिभा, कोमलता र काव्यसौन्दर्यलाई सँगसँगै प्रस्तुत गरेको अनुभव हुन्छ" *('सारस्वतेय'*, २०४७, भूमिका) भनेका छन् । यस पूर्वकार्यबाट काव्यसौन्दर्य वा अलङ्कारका आधारमा उक्त महाकाव्य उत्कृष्ट रहेको कुरा स्पष्ट हुन्छ । चापागाईँ र सुवेदी (२०५२) ले "लम्सालका कविताकाव्यमा प्रकृति, युगचेतना र जीवनको प्रतिबिम्ब प्रत्यक्ष अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको पाइन्छ" (चापागाईँ र सुवेदी, २०५२, पृ.१९८) भनेका छन् । यी पूर्वकार्यहरूको अध्ययनबाट 'सारस्वतेय' महाकाव्यको संरचना पक्ष, काव्यसौन्दर्य पक्ष, अलङ्कार प्रयोगको सिद्धहस्तता, महाकाव्यमा प्रयुक्त प्रकृतिचित्रण, युगीनचेतना र सामाजिक चेतनासम्बन्धी जानकारी प्राप्त भएको छ । पोखरेल (२०५६) ले *सुनसरी जिल्लाको साहित्यिक योगदान* शीर्षकको लघु अनुसन्धान सम्पन्न गरी सुनसरीका चवालिस जना साहित्यकारहरूको साहित्यिक योगदानको चर्चा गरेका छन् । यस क्रममा उनले "'सारस्वतेय' महाकाव्यमा श्रृङ्गार रस मुख्य रसका रूपमा आएको छ । बालकले धुलामा खेलेजस्तै गरेर सहज र स्वाभाविक रूपमा अलङ्कार एवम् छन्दमा कवि नाचेका छन् " भनेका छन् (पोखरेल, २०५६,पृ. ५६) । पोखरेलको प्रस्तुत अध्ययनका आधारमा कवि लम्सालको मुख्य विधा कविता रहेको र उनका महाकाव्यहरू रस तथा अलङ्कार प्रयोगका आधारमा उत्कृष्ट रहेको तथ्य स्पष्ट हुन्छ । त्रिपाठी, न्यौपाने र सुवेदी (२०६०) ले भनेका छन् -"पीताम्बरभोला लम्साल परिष्कारवाद र स्वच्छन्दतावादको दोसाँधका पद्यकवि हुन्" (त्रिपाठी र अन्य, २०६०,पृ. १३० ) । यी सबै पूर्वकार्यहरू लम्सालको काव्यिक कला, कथानक छनोटका स्रोत र उनका काव्यगत प्रवृत्ति पहिचानमा उपयोगी बनेका छन् ।

पौडेल (२०८०) सम्पादकत्वमा पीताम्बरभोला लम्साल स्मृति अङ्क प्रकाशित भएको छ । यसमा छयालिसओटा लेखहरू समेटिएका छन् । उक्त स्मृति अङ्कमा भण्डारी (२०८०) को *कवि भोलामा सम्झना* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा भण्डारीले "कवि पीताम्बरभोलाले मङ्गलसुषमा, शिवासन्तति, 'सारस्वतेय', दिङ्ला, एघार कवि एक छविजस्ता काव्यकृतिहरू लेखी नेपाली साहित्यको भण्डारमा विशेष स्थान निर्माण गरेको देखिन्छ ।...कवि भोलाका उपर्युक्त काव्यकृतिहरूको विहङ्गावलोकन गर्दा स्पष्ट हुन्छ कि कवि पीताम्बरभोला स्वच्छन्दतावादी काव्यधाराबाट प्रभावित छन्" भनेका छन् (भण्डारी, २०८०, पृ. ८२) । यस पूर्वकार्यको अध्ययनबाट लम्साल स्वच्छन्दतावादी काव्यधाराबाट प्रभावित भएर कविता रचना गर्ने महत्त्वपूर्ण कवि भएको तथ्य अवगत गराएको छ । रेग्मी (२०८०) को *सम्झनाका तरेलीमा पीतम्बरभोला लम्साल* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले भनेका

छन् -“नेपाली भाषामा मौलिक महाकाव्य रचना गर्ने पूर्वाञ्चल क्षेत्रका विशिष्ट कविका रूपमा उहाँलाई हामीले चिन्छौँ ।...नेपाली राष्ट्र र राष्ट्रियता, प्राच्य धर्मदर्शन, संस्कृति र इतिहासजस्ता विषयवस्तुहरू उहाँका प्रत्येक रचनाहरूको भावभूमि रहेको देखिन्छ” (रेग्मी, २०८०, पृ. १५४-१५५) । यस पूर्वकार्यबाट महाकाव्यकार लम्सालका रचनाको भावभूमि नेपाली राष्ट्र र राष्ट्रियता, प्राच्य धर्मदर्शन, संस्कृति र इतिहासजस्ता विषयवस्तुहरू रहेका छन् भन्ने कुराको जानकारी प्राप्त भएको छ । पागल (२०८०) को *केही पूर्वदीप्तिमा भोला दाइ* शीर्षकको लेख प्रकाशित भएको छ । यस लेखमा उनले “लम्सालले आफ्ना महाकाव्यमा सामाजिक विषयवस्तुका साथै उपजीव्यता चाहिँ आर्षकालीन विशिष्ट चरित्र, ऐतिहासिक महापुरुषलाई लिएर पूर्वीय परम्परालाई नै विशिष्ट स्थान दिएका छन् । लम्सालले ११ महिना २ दिनमा शिवासन्तति अनुसन्धानमूलक वंशावली महाकाव्य र १ महिना १५ दिनमा 'सारस्वतेय' महाकाव्य लेखे” (पागल, २०८०, पृ. ७०) भनेका छन् । यस पूर्वकार्यबाट लम्सालमा भएको आशुकवित्व क्षमता र महाकाव्य लेखनमा विषयवस्तु चयनको स्रोत पहिचानमा सहयोग पुगेको छ । भट्टराई(२०८२) ले 'सारस्वतेय' महाकाव्यमा अलङ्कारयोजना शीर्षकको अध्ययन सम्पन्न गरेका छन् । यसमा उनले “अनुप्रास, यमक र श्लेष जस्ता शब्दालङ्कार तथा उपमा, रूपक, उत्प्रेक्षलगायतका अर्थालङ्कारहरूका प्रयोगका कारण 'सारस्वतेय' महाकाव्यको आलङ्कारिक सौन्दर्य उच्च रहेको” ( भट्टराई, २०८२, पृ. २६६) निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वकार्यले 'सारस्वतेय' महाकाव्य उच्च आलङ्कारिक सौन्दर्य भएको महाकाव्य हो भन्ने कुरा स्पष्ट भएको छ । यो लेख भट्टराई (२०८२) कै अध्ययनको सैद्धान्तिक जगमा तयार भएको छ ।

## विधि र सामग्री

प्रस्तुत अध्ययन पीताम्बरभोला लम्सालको 'सारस्वतेय' महाकाव्यमा प्रयुक्त सादृश्यमूलक अलङ्कारसँग सम्बन्धित रहेको छ । यस अध्ययनमा पुस्तकालयबाट प्राथमिक स्रोतको सामग्री सङ्कलन गरिएको छ । यस महाकाव्यमा भएका श्लोकहरूको सूक्ष्म पठन र विश्लेषण गरी समष्टि विधिका आधारमा यस अध्ययनका लागि आवश्यक पर्ने सामग्री सङ्कलन गरी यो अध्ययन सम्पन्न गरिएको छ । लम्सालका महाकाव्यका बारेमा प्रकाशनमा आएका पुस्तक, पत्रपत्रिका र अप्रकाशित अनुसन्धान प्रतिवेदन आदिलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । अलङ्कारसिद्धान्त पूर्वीय साहित्य समालोचनामा विकसित भएकाले संस्कृत, नेपाली, र हिन्दी भाषामा लेखिएका पुस्तक, पत्रपत्रिका, अनुसन्धान प्रतिवेदन जस्ता द्वितीयक सामग्री समेतको उपयोग गरेर यस अध्ययनले पूर्णता पाएको छ । शोधप्रबन्ध तयारीका लागि पुस्तक, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदनलगायतका सामग्रीहरू पुस्तकालयबाट नै प्राप्त हुने भएकाले पुस्तकालय कार्यकै आधारमा अध्ययन सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त सामग्रीलाई मूलतः पुस्तकालयीय अध्ययन कार्य, वर्णनात्मक विधि र विश्लेषणत्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । निगमनात्मक पद्धतिका आधारमा 'सारस्वतेय' महाकाव्यका श्लोकहरूमा अभिव्यक्त अलङ्कार पहिचान गरी तिनीहरूको व्याख्या र विश्लेषणपश्चात् मूल्याङ्कन गरी निष्कर्ष निकालिएको छ । कवितामा प्रयुक्त संरचनागत सौन्दर्य तथा भावगत सौन्दर्य प्रदान गर्ने तत्त्व अलङ्कार हो भन्ने सिद्धान्तका आधारमा *'सारस्वतेय'* महाकाव्यका प्रयोग भएका अर्थालङ्कारहरूको वर्गीकिरण गर्न आचार्य रुय्यकद्वारा वर्गीकृत सादृश्यविच्छित्तिमूलक वर्गका अलङ्कारहरूका सैद्धान्तिक मान्यताका आधारमा महाकाव्यको सूक्ष्म पठन र विश्लेषण गरिएको छ । अलङ्कार सिद्धान्तलाई स्थापित गरी थप व्यापकता दिलाउने काममा भामहपछि दण्डी, वामन, उद्भट, रुद्रट, मम्मट, विश्वनाथ, रुय्यक, अप्पयदीक्षित, जयदेव, जगन्नाथ आदिको योगदान उल्लेखनीय रहेकाले यिनै

आचार्यहरूद्वारा स्थापित अलङ्कारहरूका मान्यतालाई पनि 'सारस्वतेय' महाकाव्यको अलङ्कार विश्लेषणनिम्ति सैद्धान्तिक आधार बनाइएको छ। महाकाव्यमा प्रयुक्त अलङ्कारहरूको विश्लेक्षण गर्ने सन्दर्भमा लेखको शब्दसीमाका कारण 'सारस्वतेय' महाकाव्यबाट एउटाएउटा श्लोकमात्र उदाहरणका रूपमा राखी विश्लेषण गरी निष्कर्ष निकालिएको छ। सन्दर्भाङ्कन र सन्दर्भसूची प्रस्तुतिका क्रममा एपिएको सातौँ संस्करणको शैली नेपाली भाषाका विशेषताअनुसार प्रयोग गरिएको छ।

## नतिजा र छलफल

### उपमा अलङ्कार

गुण र आकृतिका आधारमा दुई पदार्थ बिचको सादृश्य कथन उपमा हो। उपमान र उपमेय देशकाल, क्रिया आदिका आधारमा सर्वथा भिन्नाभिन्नै हुँदाहुँदै पनि कदाचित गुण मात्रले दुवैमा समानता भएमा उपमा अलङ्कार हुन्छ (भामह, सन् १९३८, पृ. ११)। उपमान र उपमेयमा भेद हुँदाहुँदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार हुन्छ (मम्मट, सन् १९८०, पृ. ४६६)। उपमान, उपमेय, साधारण धर्म र वाचकशब्द उपमा अलङ्कारका अङ्ग हुन्छन्। वर्णन गरिने वा उपमा गर्न योग्य वस्तुलाई उपमेय भनिन्छ। उपमानचाहिँ उपमेय वस्तुँसँग तुलना गरिने वा वर्ण विषयको उपमाका रूपमा उभ्याइने अवर्ण्य विषय हो। साधारणधर्म भनेको उपमेय र उपमानका बिचमा सादृश्य स्थापना गर्न सक्ने वस्तु हो, जो दुवै पदार्थमा समान किसिमले रहेको हुन्छ। उपमान र उपमेयका बिच पाइने एकै किसिमको गुण नै साधारण धर्म हो। कुनै कुराको प्रशंसा गर्दा, निन्दा गर्दा, यथास्थितिको वर्णन गर्दा प्रस्तुत र अप्रस्तुतमा पाइने सौन्दर्य, मिठास, स्थिरता, दृढता, मालिन्य, चञ्चलता जस्ता भावलाई साधारण धर्मका रूपमा लिन सकिन्छ। उपमान र उपमेयका बिचको सादृश्य जनाउनका लागि प्रयोग गरिने शब्द वाचकशब्द हो। वाचक शब्दलाई सादृश्यवाचक शब्द वा उपमावाचक शब्दका रूपमा पनि चिनिन्छ। यस्ता वाचक शब्दका रूपमा झैँ, जस्तै, तुल्य, सरि, समान, सदृश, यथा, सम जस्ता शब्दका साथै वत् आदि प्रत्ययको पनि प्रयोग गरिन्छ। 'सारस्वतेय' महाकाव्यमा अर्थालङ्कारअन्तर्गत सबैभन्दा बढी अर्थसौन्दर्य सिर्जना गर्ने अलङ्कार उपमा देखिन्छ। यहाँ यस अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्नलिखित नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

यिनै गुफामा अघिका महर्षिले
गरे तपस्या अति दूरदर्शिले।
सिकाउँथे नैतिकता मनुष्यमा
बुबा-मुमा झैँ घरभित्र विश्वमा (सर्ग १, श्लोक २४)

प्रस्तुत कवितांशमा हिमाली भूमि नेपालमा महर्षिले ज्ञान प्रप्तिका लागि कठोर तपस्या गरेकाले नेपाल ज्ञानभूमि हो भन्ने भाव व्यक्त भएको छ। शारीरिक सुखभोगबाट ज्ञानप्राप्ति हुँदैन। यसका लागि तपस्या आवश्यक हुन्छ भन्दै घरभित्र बसेर बुबामुमाले नैतकिताको पाठ सिकाएजस्तै नेपालको हिमाली क्षेत्रमा प्राचीन महर्षिले तपस्या गरेर विभिन्न प्रकारका नैतिक शिक्षा विश्वभर फैलाएको कुरा वर्णन गरिएकाले उपमा अलङ्कारको सौन्दर्य प्रकट भएको छ। यहाँ बुबामुमा उपमान, दृढ तपस्यामा रहेका ऋषि उपमेय, झैँ सादृश्यवाचक शब्द र ऋषि र बुबामुमाले दिने जीवनोपयोगी र नैतिकतासम्बन्धी तमाम हितकारी शिक्षा समानधर्मका रूपमा आएका हुनाले उपमा अलङ्कारमार्फत सौन्दर्य प्रकाशित भएको छ। नेपाली गुफामा

अघिका महर्षिले तपस्या गरेर प्राप्त गरेको ज्ञान उनीहरूले विश्वभर फैलाए। अचेलजस्तो पैसाप्राप्तिका लागि ज्ञान बाँड्ने प्रचलन पहिला थिएन। बुबाआमाले आफ्ना सन्ततिहरूलाई निःस्वार्थ भावले नैतिकता सिकाएझैँ नेपालका गुफामा बसेर प्राचीन समयमा ऋषिमहर्षिले विश्वमानवलाई नैतिक ज्ञान सिकाएका थिए भन्दै नेपाललाई ज्ञानभूमिका रूपमा चिनाइएको छ।

**मालोपमा अलङ्कार**

एउटा उपमेयका लागि अनेक उपमानहरूद्वारा साम्य स्थापित गरेर उपमालाई मालाजस्तै बनाएर अर्थसौन्दर्य सिर्जना गरिन्छ भने त्यसलाई मालोपमा भनिन्छ। यसमा उपमा अलङ्कारमा जस्तो एउटा उपमान र एउटै मात्र उपमेय हुँदैन। एउटा उपमेयका लागि अनेक उपमानहरू रहेका हुन्छन्। त्यसमा पनि कतिपय अवस्थामा ती अनेक उपमानहरूद्वारा साम्य स्थापित गर्ने क्रममा एउटा मात्र गुणधर्मको ग्रहण गरिएको हुन सक्छ भने कतिपय अवस्थामा चाहिँ अनेक गुणधर्मको ग्रहण गरिएको हुन्छ। यसरी मालोपमा अलङ्कारमा एकधर्मी वा अनेकधर्मी उपमानहरू रहेका हुन्छन्। यो अलङ्कार सादृश्यमूलक वर्गकै भेदाभेदतुल्यतामूलक अलङ्कार हो तर रुय्यकले यसलाई उपमाभित्रै अन्तर्भाव गराएका छन्। असाधारण धर्मको भिन्नताका आधारमा एउटा उपमेयका लागि अनेक उपमानहरूको प्रयोग हुनु मालोपमा अलङ्कार हो (मम्मट, सन् १९८०, पृ. ४८४)। एउटा उपमेयको समानताका लागि अनेक उपमानहरू प्रस्तुत गरिनुलाई मालोपमा अलङ्कार हो (विश्वनाथ, सन् १९७७, पृ. ३०९)। अतः उपमा अलङ्कारकै शृङ्खलाका रूपमा मालोपमा अलङ्कार रहने हुनाले यसलाई उपमाभित्रैको तर छुट्टै अस्तित्व भएको अलङ्कारका रूपमा लिन सकिन्छ। 'सारस्वतेय' महाकाव्यमा मालोपमा अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ।

झल्मल झल्के शारदमा चन्द्र बिनाको व्योम सरि।
पुत्रबिनाको जीवन भो दीप बिनाको गेह सरि॥ (सर्ग ३, श्लोक १९)

प्रस्तुत श्लोकमा पुत्रहीन सरस्वतीको जीवनलाई चन्द्रमाविनाको आकाश र दीप वा उज्यालोविनाको गेह (घर) सँग तुलना गरिएको हुँदा मालोपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ। यस श्लोकमा सन्तानप्राप्तिलाई विशेष उपलब्धिका रूपमा चर्चा गरिएको छ। सरस्वतीमा पुत्रप्राप्तिको उच्च अभिलाषा छ। यौवनावस्थाकी सरस्वतीले यो चाहना पूरा गर्नका लागि धेरै प्रयास गरेकी भए पनि सो कुरा पूरा हुन नसक्दा उनी धेरै दुःखित छिन्। यस दुःखद अवस्थाको अभिव्यक्तिका लागि यहाँ उपमानका रूपमा चन्द्रविनाको आकाश र दीपविनाको गेह(घर) आएका छन्। सरस्वतीको अनुहारमा देखिएको निराशपन समान धर्मका रूपमा आएका छन्। सरस्वती उपमेय भएकी छन्। यहाँ दुईपटक आएका सरि शब्द सादृश्यवाचक शब्द हुन्। यसरी एउटा उपमेयका लागि दुईओटा उपमान प्रस्तुत गरिएको हुँदा यस श्लोकमा मालोपमा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ। शरद्लाई शरद् चन्द्रमाले बनाउने हो। घरलाई घर दीप वा उज्यालोले बनाउने हो र नारीलाई पूर्ण नारी सन्तानले बनाउने हो भन्ने भाव अभिव्यक्तिका लागि कविले शरद् ऋतुमा चन्द्रमाको आवश्यकता भएजस्तो, घरमा उज्यालोको आवश्यकता भएजस्तो नारी जीवनमा सन्तानको अपरिहार्य आवश्यकता रहन्छ भन्ने भाव मालोपमा अलङ्कारका माध्यमबाट व्यक्त गरेका छन्। यहाँ प्रकृति र गृहस्थी क्षेत्रका उपमान चयन गरी कविले नारी मनोविज्ञानको सजीव र जीवन्त रूपमा चित्रण गरेका छन्। नारी र सन्तानप्राप्तिको सम्बन्ध प्रस्तुत गर्ने क्रममा उनलाई एउटा उपमानको प्रयोगले मात्र पुगेन र अरू उपमान पनि आवश्यक ठाने। यही कुराको पूर्तिका लागि अर्को उपमान प्रस्तुत गरेको देखिन्छ।

**उपमेयोपमा अलङ्कार**

उपमेयलाई नै उपमान बनाएर अर्थसौन्दर्य सिर्जना गरिएमा उपमेयोपमा अलङ्कार हुन्छ । एउटा वाक्यको उपमान तथा उपमेय दोस्रो वाक्यमा उपमेय तथा उपमान बनेमा उपमेयोपमा हुन्छ (रुय्यक, सन् २०१६, पृ. ९४ ) । दुई वर्णनीय पदार्थभन्दा अन्य वस्तु वा तेस्रो वस्तु सादृश्यका रूपमा आउन सक्दैन भनी गम्यार्थ प्रस्तुत गर्नका लागि पालैपालो उपमेयलाई उपमान र उपमानलाई उपमेयका रूपमा वर्णन गर्दा उपमेयोपमा अलङ्कार हुन्छ । उपमान र उपमेयको परस्परमा उपमानोपमेयभाव परेमा उपमेयोपमा अलङ्कार हुन्छ (भट्टराई, २०७७, पृ. २९६) । अतः उपमेयलाई नै उपमान बनाएर वर्णनीय कुराभन्दा तेस्रो सादृश्य वा समान वस्तु नै छैन भनिएमा उपमेयोपमा अलङ्कार हुन्छ । 'सारस्वतेय' महाकाव्यमा उपमेयोपमा अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

यता-उताको सब दृश्यभित्र
कि भित्रकै दृश्य छ यत्रतत्र ।
तलाउ वा बाहिर एक शेष
दुवै छ एकै पुनरुक्ति दोष ॥ (सर्ग ४, श्लोक ४४)

प्रस्तुत श्लोकमा तलाउको दृश्यको वर्णन गरिएको छ । तलाउको बाहिरी दृश्य उपमेयका रूपमा र भित्री दृश्य उपमानका रूपमा आएको छ । यहाँ बाहिरी दृश्य र भित्री दृश्य एकै प्रकारको छ भनी वर्णन गरिएको छ । तलाउको बाहिर जस्तो सुन्दर दृश्य छ, भित्र पनि उस्तै सुन्दर दृश्य छ । दुवै एकै प्रकारका दृश्य भएकाले दुवै एकै छन् भनिएको छ । भित्री दृश्य र बाहिरी दृश्य एकै भएको हुँदा त्यहाँ पुनरुक्ति दोष रहेको भनी यस सुन्दर दृश्यसँग तेस्रो दृश्यसँग तुलना गर्न सकिने अवस्था छैन भनी वर्णन गरिएको हुँदा उपमेयोपमा अलङ्कारको सौन्दर्य प्रकट भएको छ

**अनन्वय अलङ्कार**

उपमान र उपमेय एउटै भई अर्को वस्तुसँग सादृश्य नदेखाई त्यसै वस्तुसँग मात्र सुन्दर र सादृश्य देखाइएको अवस्थामा अनन्वय अलङ्कार हुन्छ । यसमा उपमेय अतुल्य भएको कुरा देखाइन्छ। जहाँ उपमान र उपमेय एउटै वस्तु हुन्छ, त्यहाँ अनन्वय अलङ्कार हुन्छ (जयदेव, सन् १९९५, पृ. ८८) । एकै वाक्यमा एउटै वस्तु उपमान र उपमेय भएमा अनन्वय अलङ्कार हुन्छ भनेका छन् (विश्वनाथ, सन् १९७७, पृ. ३०२) । अतः कुनै पनि वस्तुलाई अतिशय गुण वा शक्तिसम्पन्न वस्तुका रूपमा चित्रण गरी त्यसभन्दा उत्तम वस्तु अर्को कुनै हुनै नसक्ने भएकाले त्यसैलाई उपमान र उपमेयका रूपमा प्रस्तुत गर्नु नै अनन्वय अलङ्कारको विशेषता हो । 'सारस्वतेय' महाकाव्यमा अनन्वय अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

यी जोडी अनुपम प्रीतिका परेवा
छन् त्यस्तै सुमधुर भव्य नव्य शोभा ।
छर्दैछन् गगन हुँदै गयो स्तरीय
उड्दो झैँ नभतिर मेघ उत्तरीय(सर्ग ११, श्लोक ३३)

प्रस्तुत कवितांश काव्यकुमार र साहित्यकुमारीको जोडी वर्णन गर्ने क्रममा आएको हो । सरस्वतीपुत्र काव्यकुमार र उमापुत्री साहित्यकुमारीको जोडी विश्वमै अनुपम थियो र उनीहरू वरबधू हुँदा भव्य रूपमा सुहाएकाले यस्तो मिलेको जोडी

अरू कसैको पनि थिएन भन्दै उनीहरूको जोडी अनुपम रहेको कुरा वर्णन गरिएको हुनाले अनन्वय अलङ्कारको अर्थसौन्दर्य प्रकाशित भएको छ।

**रूपक अलङ्कार**

उपमेयमा उपमानको आरोप गरिएमा रूपक अलङ्कार हुन्छ। आरोप भनेको एउटा पदार्थसँग अर्को पदार्थको अभेद सम्बन्ध देखाउनु हो। अतः उपमान र उपमेयका बिचमा एकरूपता स्थापित गर्नका लागि अभेदसम्बन्ध देखाउँदा रूपक अलङ्कार हुन्छ। गुणसाम्यका आधारमा उपमेयमा उपमानको अभेद आरोप नै रूपक अलङ्कार हो (भामह, सन् १९३८, पृ. १०)। गुणसाम्य र कार्यसाम्यका आधारमा उपमेय वा उपमानको अभेद आरोप नै रूपक हो (वामन, सन् १९९५, पृ. १०)। उपमेय र उपमानमा अभेद आरोप गरिने भएकाले यसमा वाचकशब्दको प्रयोग हुँदैन। उपमेय र उपमानका बिच अभेद आरोप गरी फलानो नै फलानो हो भन्नु रूपक हो (मम्मट, सन् १९८०, पृ. ३९१)। निष्कर्षमा भन्दा वर्णन गरिने विषय (उपमेय) र विषयी (उपमान) का बिचको सुन्दर सादृश्यलाई अभिन्न मान्दै विषय (उपमेय) मा नै विषयी (उपमान)को अभेद आरोप गर्नु नै रूपक अलङ्कार हो। 'सारस्वतेय' महाकाव्यमा रूपक अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

यो घर मेरो शूल भयो
जन्मनु मेरो भूल भयो।
हाय! सुनौलो जीवन यो
गन्ध बिनाको फूल भयो॥ (सर्ग ३, श्लोक ६)

माथिको श्लोक सरस्वतीले निसन्तान हुनु पर्दा ज्यादै दुःख मानेको तथ्यको वर्णन गर्ने क्रममा आएको हो। यसमा निसन्तान सरस्वतीलाई आफ्नो घर नरमाइलो भएको तथ्य प्रकट भएको छ। सन्तानहीनताबाट उत्पन्न दुःख वर्णनका क्रममा घर (उपमेय) लाई शूल (उपमान) मा तथा जन्म (उपमेय) लाई भूल (उपमान) मा र सरस्वतीको सुनौलो जीवन(उपमेय) लाई गन्धहीन फूल (उपमान) मा आरोप गरेर रूपक अलङ्कारमार्फत अर्थसौन्दर्य प्रकाशित गरिएको छ। नारी जीवनका लागि सन्तानसुख ठूलो उपलब्धि भएकाले यसबाट वञ्चित हुनु कष्टकर कुरा हो भन्ने भाव अभिव्यञ्जनका क्रममा माथिको श्लोकमा प्रयोग हुन पुगेको रूपक अलङ्कार स्वाभाविक, सार्थक र प्रभावकारी बन्न पुगेको देखिन्छ।

**परिणाम अलङ्कार**

उपमेयको काम उपमानले गरेको वर्णनबाट उत्पन्न हुने सौन्दर्यलाई परिणाम अलङ्कार भनिन्छ। उपमेयमा उपमानको अभेद आरोप भइसकेपछि उपमेय प्रकृत कार्य वा प्रासङ्गिक कार्यका लागि उपयोगी भएमा परिणाम अलङ्कार हुन्छ (विश्वनाथ, सन् १९७७, पृ. ८५४)। उपमानले उपमेयलाई ग्रहण गरेर कुनै प्राकृत कार्यका लागि उपयोगी भए परिणाम अलङ्कार हुन्छ (अप्पयदीक्षित, सन् १९९७, पृ. २२)। विविध कारणले उपमान कुनै काम गर्न असमर्थ रहन्छ। यस्तो अवस्थामा उपमेय उपमेयसँग अभिन्न भएर मात्र कार्यसम्पादन गर्न सक्षम हुन्छ भन्ने कुरा वर्णन गरिएका अवस्थामा परिणाम अलङ्कारको सौन्दर्य प्रकाशित हुन्छ। 'सारस्वतेय' महाकाव्यमा परिणाम अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

छ हेर सन्ध्या तरुणी मुसुक्क गराउँछे लाज सबै भुसुक्क

शिरीषका पात लजाउँदा झैँ लजेउती लाज लुकाउँदी झैँ॥ (सर्ग ४, श्लोक २९)

प्रस्तुत श्लोकमा सन्ध्या (उपमेय) मा तरुनी(उपमान) को आरोप गरिएको छ । यसरी उपमेयमा उपमानको आरोप गरेपछि मात्र त्यो आरोप लजाउने कामका लागि उपयोगी भएको छ । आरोप नगरिएको अवस्थामा सन्ध्याबाट लजाउने कार्य सम्भव छैन । जब तरुनीमा आरोप गरियो तब त्यो प्राकृत कार्यका लागि उपयोगी भएको हुँदा परिणाम अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ। यहाँ उपमेयमा उपमानको आरोपपछि मानवेतर वस्तु सन्ध्या शिरीषका पात र लजेउती झार लजाएझैँ लजाउन सम्भव भएको कुरा वर्णन गरिएकाले परिणाम अलङ्कार प्रयोग भएको छ ।

**स्मृति अलङ्कार**

कुनै पनि वस्तुलाई देखेर त्यस्तै समान वस्तुको सम्झना गरेर अर्थसौन्दर्य उत्पन्न गरिन्छ भने त्यसलाई स्मृति वा स्मरण अलङ्कार भनिन्छ । कुनै वस्तुविशेषलाई देखेर त्यसकै समान अनुभूत वस्तुको सम्झना गर्नु स्मरण अलङ्कार हो (रुद्रट, सन् १९८९, पृ. ३०१) । अनुभूत वस्तुलाई देखेर अन्य वस्तुको स्मृति हुनुलाई स्मरण अलङ्कार हो (मम्मट, सन् १९८०, पृ. ५८८) । सादृश्य ज्ञानबाट उद्बोध संस्कारका कारण कुनै अन्य वस्तुको स्मरण हुनु स्मरण अलङ्कार हो (जगन्नाथ, सन् १९०२, पृ. २२६) । अतः उपमान वा उपमेय देखेर त्यस्तै वस्तुको सम्झना गर्ने वा सम तथा विषम अनुभवबाट पूर्वक्रियाकलापहरूको सम्झना वा स्मरण हुनु स्मरण अलङ्कार हो । 'सारस्वतेय' महाकाव्यमा स्मृति अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

पछार्दै मार्दै छन् कतिपय डटी बाघ तगडा
अशी भाला हानी पशु विपिनमा सोत्तर बडा।
कि मैदानी मानौँ परिचय दिए झैँ गति छ यो
कि वा हो यो झल्को अघि पनि सिकारी युग थियो॥ (सर्ग ९, श्लोक ३८)

सिकारी युगमा मानिसहरू डरलाग्दा र हिंस्रक जनावरको मासु खाएर जीवन निर्वाह गर्दथे भन्ने कुरा मानव इतिहासको अध्ययनबाट अवगत हुन्छ । यस कवितांशमा बाघजस्ता तगडा जन्तुलाई पनि मञ्जरगिरि नजिकका मानिसहरूले भाला हानेर पशुलाई मारेर सोत्तर पारेको देखेर सिकारी युगको झल्को आएको वा विगतको सिकारी युगका क्रियाकलापहरूको स्मरण भएको कुरा देखाइएको हुँदा स्मृति वा स्मरण अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**उत्प्रेक्षा अलङ्कार**

सम्भावनात्मक तर्क उठाएर प्रस्तुतमा अप्रस्तुतको सम्भावना देखाइएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । प्रकृतलाई अप्रकृतसँग एकरूपता वा तादात्म्यको सम्बन्ध नै उत्प्रेक्षा हो  (मम्मट, सन् १९८०, पृ. ४८७) । प्रकृतको अप्रकृतसँग सम्भावना कल्पित गरिनु नै उत्प्रेक्षा हो (विश्वनाथ, सन् १९७७, पृ. २३९) । यसरी हेर्दा एक पदार्थमा अर्को पदार्थको सम्भावना नै उत्प्रेक्षा हो भन्ने कुरा स्पष्ट हुन्छ । 'सारस्वतेय' महाकाव्यमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्नलिखित नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

यत्रो सिर्जन ज्ञान यो सब कुरा धिक्कार झैँ यो अहो
मानौँ प्लाष्टिकको अतृप्त गरने मीठो बडो आँप हो॥ (सर्ग २, श्लोक ५१)

प्रस्तुत कवितांशमा सरस्वतीको बाँझो शरीर (सन्तानहीन यौवन) उपमेय र प्लाष्टिकको आँप उपमानका रूपमा

आएका छन् । सरस्वतीले आफूमा भएको अपार सिर्जनात्मकताबाट आफूलाई कुनै काम नभएको, आफ्ना लागि सबै धिक्कार रहेको र आफूले सन्तान उत्पादन गर्न नसकेको हुँदा आफूमा भएको विशाल सिर्जनात्मक शक्ति बनावटी प्लाष्टिकको आँपजस्तै वा देखाउनका लागि मात्र राखेझैँ अर्थहीन पो हुने हो कि भन्ने कुरा व्यक्त गरेकी छन् । यस श्लोकमा उपमेयमा उपमानको सम्भावनाप्रति सङ्केत गरी अर्थसौन्दर्य प्रकाशित गरिएको हुँदा उत्प्रेक्षा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**दृष्टान्त अलङ्कार**

दुई भिन्नाभिन्नै अर्थ भएका वाक्यहरूमा परस्पर बिम्बप्रतिबिम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्त अलङ्कार भनिन्छ । सामान्यतः यस अलङ्कारमा एउटा वाक्यको पुष्टिका लागि अर्को वाक्यको प्रयोग गरिएको हुन्छ र पहिलो वाक्य उपमेय तथा दोस्रो वाक्य उपमान वाक्यका रूपमा रहेको हुन्छ । वस्तुतः एउटै विचार जस्ता देखिने दुई भिन्नाभिन्नै पदार्थको एकचोटि कथन गर्नु नै बिम्बप्रतिबिम्ब भाव हो,जुन दृष्टान्तका लागि आवश्यक हुन्छ । उद्भटले झैँ, जस्तै आदि वाचक शब्दरहित इष्ट अर्थको विशेष किसिमले बिम्बप्रतिबिम्ब भाव हुनुलाई काव्यदृष्टान्त अलङ्कारको नाम दिएका छन् (उद्भट, सन् १९२८, पृ. ९१) । उपमानको उपमेयसँग उपमान सम्बद्ध विशेषणको उपमेयसम्बद्ध विशेषणसँग र साधारण धर्मसँग बिम्बप्रतिबिम्बभाव सम्बन्ध हुनुलाई दृष्टान्त अलङ्कार हो (मम्मट, सन् १९८०, पृ. ३१८) । अतः उपमान वाक्यद्वारा उपमेय वाक्यलाई निश्चितता प्रदान गर्नु नै दृष्टान्त अलङ्कारको पहिचान हो । 'सारस्वतेय' महाकाव्यमा एउटा कुरा छर्लङ्ग पार्ने भनाइसँग मिल्ने कुनै उदाहरण प्रस्तुत गरिएका दृष्टान्तहरू आएका छन् 'सारस्वतेय' महाकाव्यमा दृष्टान्त अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

हज्जार रूप घट शून्य हजार हुन्छ
फोरे सरूप अब शून्य छ एक हुन्छ।
यस्तै अनन्त छन आत्म छ ब्रह्म एक
खं ब्रह्म एक नभझैँ बनियो अनेक।। (सर्ग ७, श्लोक १०)

प्रस्तुत कवितांशमा सुरुका दुई पाउ उपमानका रूपमा र अन्तिमका दुई पाउ उपमेयका रूपमा आएका छन् । ब्रह्म एक छ र आत्मा अनन्त छ भन्ने तथ्य पुष्टिका लागि हजारौँ माटाका फुटेका घडाको आकार सबै शून्यमा बिलाएको तथ्यद्वारा पुष्टि गर्न बिम्बप्रतिबिम्बका रूपमा व्यक्त गरिएको हुँदा दृष्टान्त अलङ्कारद्वारा अर्थसौन्दर्य प्रकाशित भएको छ ।

**सन्देह अलङ्कार**

प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको सन्देह भएको कुरा वर्णन गरिन्छ भने सन्देह अलङ्कार हुन्छ । सादृश्यका कारण एक पदार्थमा अनेक पदार्थको सन्देह हुनुलाई सन्देह अलङ्कार भनिन्छ (रुद्रट, सन् १९८९, पृ. २७७) । उपमेयसँग उपमानको संशय हुनुलाई सन्देह अलङ्कार भनिन्छ (मम्मट, सन् १९८०, पृ. ४८९) । आचार्यहरूका परिभाषाहरूका आधारमा हेर्दा प्रस्तुत वस्तुलाई देखेर अप्रस्तुत वस्तुको संशय हुनु नै सन्देह अलङ्कार हो । 'सारस्वतेय' महाकाव्यमा सन्देह अलङ्कारद्वारा अर्थसौन्दर्य प्रकाशित भएको नमुना श्लोकको विश्लेषण तल गरिएको छ-

सानो कम्मर माझमा जघनका चक्का चले चक्रझैँ,
त्यै सौन्दर्य घुमी लगी मन छिनी चाकाचुली पारदै।

यो लावण्य कि यो कलाललित हो या हो विलासीपन,
यै देखेर विलुब्ध भै कि गज ती हिड्छन् सिकोलीकन ॥ (सर्ग २, श्लोक १२)

माथिको कवितांशमा सरस्वतीको हिंडाइ (उपमेय) को लावण्य, कलाललित र विलासीपन आदि (उपमान) मा संशय भएकाले सन्देह अलङ्कारको सौन्दर्य प्रकाशित भएको देखिन्छ । सरस्वतीको हिँडाइ गति सौन्दर्यका लागि हो कि, चित्त प्रसन्न पार्नका लागि हो कि, रसिक व्यक्तिका लागि लक्षित हो, वा हात्तीलाई हिँड्न सिकाउनका लागि हो भन्ने विविध कुरामा आशङ्का उत्पन्न भएकाले सन्देह अलङ्कार प्रकट भएको छ । सरस्वतीका सबै कुराले कवि अत्यन्तै प्रभावित भएका छन् । त्यसमा पनि उनको हिंडाइमा विविध कुराको आशङ्का उठाइएकाले यस श्लोकमा सन्देह अलङ्कारद्वारा कथ्यमा सौन्दर्यवर्धन भएको देखिन्छ ।

**भ्रान्तिमान् अलङ्कार**

अत्यन्त सादृश्यका कारण उपमेयमा उपमानको निश्चयात्मक चमत्कारपूर्ण भ्रम हुनुलाई भ्रान्तिमान् अलङ्कार मानिन्छ । कुनै अर्थविशेष (वस्तुविशेष) लाई देखेर तत्सदृश अन्य वस्तुलाई विनाशङ्का त्यसैका रूपमा मान्नु भ्रान्तिमान् हो (रुद्रट, सन् १९८९, पृ. २९१) । तुल्य पदार्थलाई देखेर अन्य वस्तुको ज्ञानलाई भ्रान्तिमान् अलङ्कार हो ( मम्मट, सन् १९८०, पृ. ३८९) । यसर्थ एउटा पदार्थमा अर्कै पदार्थको भ्रम पर्नु भ्रान्तिमान् अलङ्कार हो । 'सारस्वतेय' महाकाव्यमा भ्रान्तिमान् अलङ्कारको प्रयोग स्वाभाविक ढङ्गले भएको भएको देखिन्छ । यस तथ्यलाई निम्न श्लोकमा विश्लेषण गरिएको छ-

गणगण छन् महिला सुभेषधारी
शुभमय मङ्गल गीतले तयारी ।
ध्वनि सरि बादलको मृदङ्ग सुन्दा
पुलकित नर्तित छन् मयूर वृन्द ॥ (सर्ग १०, श्लोक ५०)

बादल गर्जिदा मयूर नाच्छन् भन्ने कुरा कविसमयख्याति शीर्षकको प्रकरणमा विश्वनाथले उल्लेख गरेका छन् (विश्वनाथ, २०२३, पृ.२०८) । यसअनुसार माथिको श्लोकमा काव्यकुमार र साहित्यकुमारीको विवाह उत्सवमा महिला गणले सुभेष धारण गरेर शुभमय मङ्गल गीतको तयारी गर्ने क्रममा बजेका मादलका सुमधुर ध्वनि सुनेर मयूरमा बादलको गर्जनको भ्रम परी मयूरहरू नाचेका छन् भनिएको हुनाले यहाँ भ्रान्तिमान अलङ्कारमार्फत अर्थगत सौन्दर्य प्रकाशित भएको छ । कविले यस श्लोकमा काव्यकुमार र साहित्यकुमारी बिच भएको हर्षोल्लासमय विवाह उत्सवले मानव नभएर मानवेतर प्राणीसमेत खुसी भएका थिए भन्ने भाव व्यक्त गरी कथ्यमा सौन्दर्य सिर्जना गरेका छन् ।

**अपह्नुति अलङ्कार**

प्रस्तुत वस्तुलाई लुकाएर अर्कै (अप्रस्तुत) वस्तुलाई प्रकाशित गर्नु अपह्नुति अलङ्कारको हो । यसमा होइन, छैन जस्ता निषेधात्मक शब्दको प्रयोग गरिन्छ । वास्तविक वस्तु लुकाउनका लागि थोरै भएपनि सादृश्य वा उपमा रहन आवश्यक हुँदा अपह्नुति अलङ्कार हुन्छ (भामह, सन् १९३८, पृ. ७२१) । उपमेय वा प्रस्तुत वस्तुलाई सिद्ध गर्नुलाई अपह्नुति अलङ्कार भनिन्छ (मम्मट, सन् १९८०, पृ. १५७) । यस अलङ्कारमा सत्य वस्तुको निषेध कविको कल्पनाले मात्र हुन्छ वास्तविक रूपमा हुँदैन । 'सारस्वतेय' महाकाव्यका निम्नलिखित श्लोकमा अपह्नुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ-

हो हाम्रो मुटु सुन ! हैन त्यो हिमाल
त्यो बग्दो हिउँ बुझ रक्तको उछाल।
ती सारा गुरु लघु हुन् नदी नशा झैँ
छन् साँच्चै प्रवहित यो शरीरमा झैँ।। (सर्ग ११, श्लोक १२)

प्रस्तुत श्लोकमा हिमालको महत्त्व वर्णन गरिएको छ। यहाँ प्रस्तुत विषय हिमाललाई होइन भनेर अप्रस्तुत कुरा मुटुको स्थापना गरिएको छ। हिमाल नेपालीको मुटु हो र हिमनदी बग्दो हिउँ होइन त्यी त हाम्रा मुटुमा सञ्चार हुने रक्तधारा हुन् भन्ने भाव व्यक्त भएकाले यहाँ अपह्नुति अलङ्कारमार्फत अर्थसौन्दर्य प्रकाशित भई हिमालको प्रकृतिक सौन्दर्य र महत्त्वको वर्णन कलात्मक रूपमा गरी अभिव्यक्तिगत सौन्दर्य सिर्जना भएको छ।

**अतिशयोक्ति अलङ्कार**

लोकमान्यताको उल्लङ्घन गरेर भन्नु अतिशयोक्ति अलङ्कार हो। विषयीद्वारा विषयको निगरण अर्थात् उपमानद्वारा उपमेयको अध्यवसान नै यस अलङ्कारको मूल विशेषता तथा पहिचान हो। उपमानद्वारा उपमेयलाई पूर्ण रूपमा निगरण गरी उसैसँग अभेद सम्बन्ध राख्नु, प्रस्तुतलाई भिन्नै तरिकाले भन्नु, असम्भव अर्थको परिकल्पना गर्नु एवम् कार्य र कारणको अघिपछि वर्णन गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ (मम्मट, सन् १९८०, पृ. ५०४)। अध्यवसानको सिद्धत्वमा अतिशयोक्ति अलङ्कार हुन्छ (विश्वनाथ, सन् १९७७, पृ. ३५३)। 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा अतिशयोक्ति अलङ्कारद्वारा अर्थसौन्दर्य प्रकाशित भएको छ-

ग्रह सबै सुमुहूर्त दिँदै गए
अखिल मंगल मूर्त हुँदै गए।
शिशु तपोमय जन्म लिँदै थियो
छवि दिशा विदिशाभर फैलियो।। (सर्ग ५, श्लोक ५०)

प्रस्तुत कवितांशमा स्वप्नसम्भोगबाट सरस्वती गर्भवती भएपछि सन्तान पैदा हुने समयमा ग्रहहरूले सुमुहूर्त लिँदै गएर अत्यन्त शुभ लग्नमा सन्तानको जन्म हुँदै छ भन्ने भाव व्यक्त भएको छ। यस क्रममा सरस्वतीबाट पुत्र 'सारस्वतेय'को जन्म भइनसक्दा नै 'सारस्वतेय'को छवि दिशा विदिशा (चारै दिशा र चारै उपदिशा) मा फैलिएको थियो भनी बढाइचढाइ गरिएको छ। यहाँ जन्मिनुपूर्व नै बालकको छवि चारै दिशा र चारै उपदिशा फैलिएको भनी कारणभन्दा अघि नै कार्य देखाइएको हुनाले अतिशयोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको देखिन्छ।

**परिकर अलङ्कार**

वर्ण्य विषयको उत्कर्षता प्रस्तुत गर्नका लागि अत्यधिक मात्रामा भावपूर्ण विशेषणहरूको प्रयोग गर्दा परिकर अलङ्कार हुन्छ। यस अलङ्कारले विशेष अभिप्राययुक्त विशेषणहरूको संयोजन गरी प्रस्तुत विषयलाई उचाइमा लगेर चमत्कार सिर्जना गर्ने काम गर्दछ। विशेष अभिप्रायपूर्ण विशेषणद्वारा अभिव्यक्तिमा चमत्कार उत्पन्न भएको अवस्थामा परिकर अलङ्कार हुन्छ (रुद्रट, सन् १९८९, पृ. २२२)। अनेक अभिप्राययुक्त विशेषणहरूले वर्णनीय विषयको परिपोषण हुनु परिकर हो (मम्मट, सन् १९८०, पृ. ४६४)। कुनै पनि विषयको स्वरूपप्रदर्शन गर्न भावपूर्ण विशेषणहरूको प्रयोगमा जोड दिनु नै परिकर अलङ्कार हो भन्न सकिन्छ। 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा भावपूर्ण विशेषणहरूको प्रयोग

बढी मात्रामा गरी कथ्यमा उत्कर्षता थप्दै विषयवस्तुलाई उचाइमा लगेर अर्थगत चमत्कार पैदा गरिएको देखिन्छ-

वीणा हातमहाँ अलङ्कृत बजी चारै दिशा झङ्कृत,
पोते झैँ मुखबिन्दु इन्दु रविले देदीप्य आलंकृत।
आँटेझैँ मृदु ओठबाट हलुका मुस्कानले फुस्किन,
देखी दिव्य सरस्वती भगवती आँखा भुले झिम्किन॥ (सर्ग २, श्लोक १)

प्रस्तुत श्लोकमा सरस्वतीको सुन्दरता वर्णन गर्ने क्रममा अलङ्कृत, झङ्कृत, देदीप्य, आलङ्कृत, मृदु, दिव्य जस्ता विशेषणहरूको प्रयोग गरेर सुन्दरताको भावलाई उत्कर्षमा लगेर चमत्कार पैदा गर्ने काम गरिएको हुँदा परिकर अलङ्कारद्वारा सौन्दर्य प्रकाशित भएको छ।

**प्रहर्षण अलङ्कार**

कुनै प्रयत्नविना नै इच्छा गरिएको वस्तुभन्दा अधिक फल प्राप्त हुन्छ, त्यहाँ प्रहर्षण अलङ्कार हुन्छ। जहाँ कुनै पनि प्रयत्न नगरिकनै इच्छित फलभन्दा अधिक लाभ हुन्छ, त्यहाँ प्रहर्षण अलङ्कार हुन्छ (जयदेव, सन् १९९५, पृ. ११४)। प्रयत्नविना नै इच्छित फलभन्दा धेरै फलको प्राप्ति स्वतः हुनु प्रहर्षण अलङ्कार हो (जगन्नाथ, सन् १९०२, पृ. ७७०)। 'सारस्वतेय' महाकाव्यको निम्न श्लोकमा प्रहर्षण अलङ्कारको सौन्दर्यले कथ्यमा सौन्दर्यवर्धन भएको देखिन्छ-

खोजने म समिधा सुखा कडा
भेटियो अमृतको बडो घडा।
सम्झिएर भृगुपुत्रले पनि
काख ली जतनले बने धनी॥ (सर्ग ६, श्लोक २७)

नदी किनारमा यज्ञका लागि सुखा र कडा समिधा खोज्न हिँडेका भृगुपुत्र उशनाले सरस्वतीपुत्र 'सारस्वतेय' लाई देखेपछि अमृतको बडो घडासमान सम्झिएर काखमा राखे र धनी भएको महसुस गरे। यस श्लोकमा इच्छा गरिएको कुराभन्दा अधिक फल प्राप्त गरेको कुरा वर्णन गरिएको हुँदा प्रहर्षण अलङ्कारद्वारा सौन्दर्य प्रकाशित गरिएको छ।

**अप्रस्तुतप्रशंसा अलङ्कार**

सिधा नदेखिने कुराको वर्णन वा प्रस्तुत नभएका कुराको वर्णन गरिएमा अप्रस्तुतप्रशंसा अलङ्कार हुन्छ। अप्रस्तुतप्रशंसा अलङ्कारमा अप्रस्तुत वाच्यबाट प्रस्तुत अर्थ व्यङ्ग्यमूलक ढङ्गबाट अभिव्यञ्जित भएको हुन्छ। अप्रस्तुत पदार्थको वर्णन अप्रस्तुतप्रशंसा अलङ्कार हो (भामह, सन् १९३८, पृ. २२)। अप्रस्तुत कथनबाट प्रस्तुत विषयको आक्षेप हुनुलाई अप्रस्तुतप्रशंसा अलङ्कार हो (मम्मट, सन् १९८०, पृ. ४०७)। अप्रस्तुत वृत्तान्तद्वारा प्रस्तुत वृत्तान्तको प्रतीति हुनु अप्रस्तुतप्रशंसा अलङ्कार हो (जयदेव, सन् १९९५, पृ. १३१)। अप्रस्तुत विषयको वर्णनबाट प्रस्तुत विषय व्यङ्ग्यमूलक ढङ्गबाट अभिव्यञ्जित हुनु अप्रस्तुतप्रशंसा अलङ्कार हो। 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा अप्रस्तुतप्रशंसा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ-

बुझ्दछ को ? अङ्गार व्यथा
भश्म बनेको मूक बनी।
हाय विलौना सुन्दछ को ?

बाहिर रातै हुन्छ धुनी ॥ (सर्ग ३, श्लोक १८)

प्रस्तुत श्लोकमा सरस्वतीको पीडा वर्णन गरिएको छ । यसमा अँगारको दुःख वा व्यथा कसैले पनि बुझ्दैन भन्ने सामान्य अर्थ व्यक्त भएको छ । अँगारको पीडा अँगारलाई मात्रै थाहा हुन्छ । उसका लागि चुपचाप सहनुबाहेक केही विकल्प हुँदैन । उसको विलौना कसैले पनि सुन्दैन । बाहिरबाट हेर्दा बलिरहेको कोइला (धुनी) रातै देखिन्छ तर त्यसको व्यथा असह्य हुन्छ भन्ने अप्रस्तुत कुराका माध्यमबाट प्रस्तुत कुरा पुत्रहीन सरस्वतीको पीडा कसैले बुझ्दैन भन्ने अर्थ अभिव्यञ्जित भएको हुँदा यस श्लोकमा अप्रस्तुतप्रशंसा अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**विनोक्ति अलङ्कार**

एउटा वस्तु अर्को वस्तुविना असुन्दर वा सुन्दर भएको कुरा वर्णित गरिएमा विनोक्ति अलङ्कारका हुन्छ । यस अलङ्कारमा विना, बाहेक, रहित, हीनजस्ता शब्दहरूको प्रयोग पनि गरिएको हुन्छ । कतिपय अवस्थामा यस्ता शब्दका अभावमा पनि विनोक्ति अलङ्कार हुने गर्दछ । एउटाविना अर्को न त शोभित भएको न अशोभित भएको भन्ने कुरा बताइएमा विनोक्ति अलङ्कार हुन्छ (मम्मट, सन् १९८०, पृ. ३४५) । शोभन र अशोभनको उल्लेख नगरी कुनै पदार्थविना प्रस्तुतमा हीनताबोध हुनुलाई विनोक्ति अलङ्कार हो (जयदेव, सन् १९९५, पृ. ८१) । 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा विनोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ-

पुत्रविनाको काख सबै
शून्य कुवा झैँ नीर नभै ।
जीवन धानौँ यो कसरी
लम्पट बाँझो खेत सरि ॥ (सर्ग ३, श्लोक २)

प्रस्तुत श्लोक सन्तानहीन सरस्वतीको पीडा व्यक्त गर्ने क्रममा अएको हो । यसमा पुत्रविनाको नारीकाख शोभायमान हुँदैन, पुत्रविनाको नारी पानी नभएको कुवा र आवादी नभएको बाँझो खेतसमान हुन्छ भन्दै नारीको काख सन्तानविना सुन्दर हुन नसक्ने कुरा उल्लेख गरिएको छ । यसका साथै सरस्वतीले पुत्रप्राप्तिका अभावमा हीनताबोधसमेत गरेको अवस्था चित्रण गरिएकाले विनोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**उल्लेख अलङ्कार**

एउटै प्रस्तुत वस्तुमा अनेक अप्रस्तुत वस्तुको कल्पना गरिएमा भने उल्लेख अलङ्कार हुन्छ । एउटा वस्तुलाई निमित्त मानेर अनेक प्रकारले ग्रहण गर्नु नै उल्लेख अलङ्कार हो (रुय्यक, सन् १९९४, पृ.७०) । एउटा पदार्थलाई अनेक व्यक्तिद्वारा अनेक प्रकारले वर्णन गर्नु नै उल्लेख अलङ्कार हो (जयदेव, सन् १९९५, पृ. ९९) । ज्ञाता र विषय भेदका आधारमा एउटा वस्तुको अनेक ढङ्गबाट वर्णन गर्ने कार्यलाई उल्लेख अलङ्कार हो (विश्वनाथ, सन् १९७७, पृ. ३५५) । अतः प्रस्तुत एउटा वस्तुलाई विषय, प्रसङ्ग वा परिस्थितिअनुसार अनेक वस्तुका रूपमा वर्णन गरिएमा उल्लेख अलङ्कार हुन्छ । 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकहरूमा उल्लेख अलङ्कारको सौन्दर्य प्रकाशन भई कथ्य अर्थमा सौन्दर्यवर्धन भएको देखिन्छ -

यो भाँडोसरि धनको धनी धनेश
प्राणीको घर पशुपक्षिको निवास ।

बग्दा छन् वरपर गैह्रिकादि धातु
यो सारा हिमजलस्रोतको विधातु।। (सर्ग ११, श्लोक ७)
खानीको खनिज वनस्थली सबैको
प्राणीको चर अचरस्थ भू सबैको।
नामी यो दनुज असभ्यता भगाई
दामी यो सबतिर सभ्यता फिँजाई।। (सर्ग ११, श्लोक ८)

प्रस्तुत श्लोकहरूमा हिमालय पर्वतलाई धनको मालिक, प्राणीको घर, पशुपक्षीको निवास, हिमालमा पाइने विविध कुराहरूको मूल, खनिज पदार्थको खानी, चराचर पदार्थको आधारभूमि जस्ता फरकफरक विषयहरूको आधारमा अनेक किसिमले चित्रण गरी अर्थसौन्दर्य सिर्जना गरिएको हुँदा उल्लेख अलङ्कारका माध्यमबाट सौन्दर्य प्रकट भएको छ।

**कारकदीपक अलङ्कार**

अनेक क्रियाहरूको एउटा कारक भएको कुरा वर्णन गरिएमा कारकदीपक अलङ्कार हुन्छ। अनेक क्रियाका साथ एक कारकको सम्बन्ध रहेको कुराको वर्णन गरिएको हुन्छ, त्यहाँ कारकदीपक अलङ्कार हुन्छ (रुय्यक, सन् २०१६, पृ. २१०)। एउटै कारकका अनेक क्रिया हुन गएमा कारकदीपक अलङ्कार हुन्छ (भट्टराई, २०७७, पृ. ३४९)। समग्रमा एक क्रियाको अनेक कर्ता र एक कर्ताको अनेक क्रियासँग सम्बन्ध हुँदा उत्पन्न हुने अर्थालङ्कार कारकदीपक अलङ्कार हो। 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा कारकदीपक अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ-

कुसुम कोरक अङ्ग फुकाउने
अलि–अलि स्तन खुल्न सिकाउने।
गुरु वसन्त दुवैतिर झैँ थियो
मुजुरिने जुरिने तरिका दियो।। (सर्ग ५, श्लोक ५)

प्रस्तुत श्लोकमा वनका कुसुम (फूल) का कोपिलाको अङ्ग फुकाउने र गर्भवती सरस्वतीका स्तन वृद्धि गर्न सिकाउने कामको कारक गुरु वसन्त हुन् भनिएको छ। यहाँ दुवैलाई परिवर्तन गर्न सक्ने कारक गुरु वसन्तलाई देखाइएको हुँदा कारकदीपक अलङ्कार पर्न गएको छ। यहाँ यी अनेक क्रियाहरूको एउटै कारक गुरु वसन्तलाई देखाइएको हुँदा कारकदीपक अलङ्कारको सौन्दर्य प्रकाशन भएको देखिन्छ।

**व्यतिरेक अलङ्कार**

उपमानभन्दा उपमेयको अत्यधिक गुणोत्कर्ष प्रदर्शन गरी चमत्कार प्रदर्शन गर्नु व्यतिरेक अलङ्कार हो। यसमा उपमानभन्दा उपमेयको गुणलाई अत्यधिक रूपमा वर्णन गरिएको हुन्छ। उपमानभन्दा उपमेयको उत्कर्षलाई व्यतिरेक अलङ्कार हो ( भामह, सन् १९३८, पृ. १६)। उपमान र उपमेयमध्ये दुवैमा कुनै एउटाको वैशिष्ट्य प्रतिपादन गर्दा व्यतिरेक हुन्छ (उद्भट, सन् १९२८, पृ. ४१)। उपमानभन्दा उपमेयको गुणाधिक्य वर्णनमा व्यतिरेक अलङ्कार हुन्छ (मम्मट, सन् १९८०, पृ. ३२३)। अतः व्यतिरेकमा उपमान र उपमेयका बिच गुणको आधिक्य र न्यूनताको वर्णन हुनुपर्छ भन्ने कुरा स्पष्ट हुन्छ। 'सारस्वतेय' महाकाव्यमा प्रयुक्त अलङ्कारको विश्लेषण निम्नानुसार गरिएको छ-

केरा, सुँड, पिँडालुले मति लिये चोरौँ भनी आकृति,

तिघ्राको तर के सके र ? बबुरा निर्लज्ज लाचार ती।
उल्टै जङ्गल भासिए मुखभरी ल्वाणप्राक्क लोप्पा पियी,
भागेछन् बिचरा त्यहाँ किनभने लज्जा लुकेकी थियी ।। (सर्ग २, श्लोक ८)

प्रस्तुत श्लोकमा उपमानका रूपमा केरा, हात्तीको सुँड, पिँडालु र उपमेयका रूपमा सरस्वतीका तिघ्रा आएका छन् । सरस्वतीको आकृति अत्यन्तै सुकोमल थियो भन्ने कुरा यसको विषय हो । यहाँ उपमेय (सरस्वती) को आकृति चोर्न उपमान (केरा, गजसुँड, पिँडालु) ले सकेनन्, लाचार भएर लोप्पा खाँदै जङ्गल भासिए भनी उपमानभन्दा उपमेयको अत्यधिक गुणोत्कर्ष प्रदर्शन गरेर अर्थसौन्दर्य सिर्जना गरिएकाले वा उपमानका रूपमा आएका केरा, हात्तीको सुँड र पिँडालुको भन्दा उपमेय सरस्वतीका सुकोमल तिघ्राको अत्यधिक गुणोत्कर्ष प्रदर्शन गरिएकाले व्यतिरेक अलङ्कारले सौन्दर्यवर्धन गरेको देखिन्छ ।

**निदर्शना अलङ्कार**

सम्बन्ध भएका वा नभएका वस्तु वा पदार्थका बिच बिम्ब प्रतिबिम्ब भाव व्यक्त भएमा निदर्शना अलङ्कार हुन्छ । जस्तै, झैँ जस्ता सादृश्यवाचक शब्दविना क्रियाद्वारा विशिष्ट अर्थ प्रकट गरिएमा निदर्शना अलङ्कार हुन्छ (भामह, सन् १९३४, पृ. २२) । दुई पदार्थको असम्भव सम्बन्धमा उपमान र उपमेय भावको कल्पना गर्नुलाई निदर्शना अलङ्कार भनिन्छ (मम्मट, सन् १९८९, पृ. ५०५) । समग्रमा भन्दा दुई वाक्यका बिचमा सम्बन्ध नभइरहेकको अवस्थामा प्रतीयमान उपमाद्वारा सम्बन्धको परिकल्पना गरिएमा निदर्शना अलङ्कार हुन्छ । 'सारस्वतेय' महाकाव्यका निम्न श्लोकमा निदर्शना अलङ्कारका माध्यमबाट सौन्दर्य प्रकाशित भएको छ-

झरोस धारो जल एक टुङ्गो
खिपिन्छ वज्रै सरिको त ढुङ्गो।
नछोडदा कार्य न भै सुसिद्धि
गरे तपस्या किन हुन्न सिद्धि ? ।। (सर्ग४, श्लोक १४)

प्रस्तुत श्लोकमा निरन्तर गरिने तपस्या र साधनाले काम सिद्धि हुनु भनेको एकै ठाउँमा झरेको पानीले वज्रसमानको कडा ढुङ्गो दुलो पर्नु वा खोपिनु समान हो भनी उपमाको कल्पना गरेर सादृश्य वाक्यहरूका बिचमा सम्बन्ध स्थापित गरिएकाले यहाँ निदर्शना अलङ्कार पर्न गएको छ । यस भनाइमार्फत कविले जुनसुकै कामको सिद्धिमा अभ्यास वा तपस्या आवश्यक हुन्छ र कार्यसिद्धि नभएसम्म थालिएको काम अविचलित भई गर्नुपर्छ भन्ने कुरा सरस्वतीले पुत्रप्राप्तिका लागि गरेको कठोर तपस्याका माध्यमबाट प्रस्तुत गरेका छन् । यस श्लोकमा प्रयुक्त निदर्शना अलङ्कारले महाकाव्यको कथ्यमा अर्थसौन्दर्य सिर्जना भएको देखिन्छ ।

**सम्भावना अलङ्कार**

यस्तो भएमा यस्तो हुन्छ भन्ने कुराको कल्पना गर्नु सम्भावना अलङ्कार हो । कुनै कार्यको सिद्धिका लागि यस्तो भएमा यस्तो हुन्छ भन्ने किसिमको कल्पना गर्नुलाई सम्भावना अलङ्कार हो (जयदेव, सन् १९९५, पृ. ११४) । अप्पयदीक्षितले पनि जयदेवकै परिभाषालाई स्वीकारेका छन् । वामन तथा विश्वनाथले भने यसलाई अतिशयोक्ति अलङ्कारमै अन्तर्भाव गराएका छन् । यस अलङ्कारको खास विशेषता भनेको यदि यसो भएका यस्तो हुनेछ भन्ने कुराको

कल्पना गर्नु हो । यहाँ यस अलङ्कारको प्रयोग भएको छ भन्ने कुरा निम्न नमुना श्लोकमार्फत विश्लेषण गरिएको छ-

ऐले उपाय नगरे पछि यो नटर्ला
यस्ले अवश्य पतिमा पनि दुःख पर्ला।
जाने छ इज्जत अहो ! पतिको अवश्य
होला छिमेकहरूमा पनि लाजवश्य ।। (सर्ग ७, श्लोक ३७)

प्रस्तुत कवितांशमा शिवपत्नी उमा ज्यादै कुशल गृहिणी थिइन् भन्ने तथ्यमाथि प्रकाश परिएको छ । शिवलाई घरव्यावहारको कुनै चिन्ता थिएन । उनी भाङधतुरो खाएर मातेर लठ्ठ परेर सुत्थे । त्यस्तो वेलामा कोही कसैले शिवजीलाई खोज्दै आए भने उमाले शिवजीको समाधि छ भनेर इज्जत राख्थिन् । उमाले सत्य बोल्यो भने यसबाट पतिमा पनि दुःख पर्ला र छिमेकीका सामु पनि लाजमर्दो अवस्था आउँला भन्ने कल्पना गरिएको हुनाले सम्भावना अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**समासोक्ति अलङ्कार**

प्रस्तुत वृत्तान्तको वर्णनबाट अप्रस्तुत वृत्तान्तको प्रतीति भएमा समासोक्ति अलङ्कार हुन्छ । विशेषण साम्यका आधारमा एउटा वस्तुको कथनबाट अर्को वस्तुको ज्ञान हुनुलाई समासोक्ति अलङ्कार हो (भामह, सन् १९३८, पृ. १७) । जहाँ प्रस्तुत वा प्रासङ्गिक विषयबाट अप्रस्तुत वा अप्राकरणिक विषयको प्रतीति हुन्छ, त्यहाँ समासोक्ति अलङ्कार हुन्छ (जयदेव, सन् १९९५, पृ. १४१) । प्रस्तुत वाच्यार्थबाट अप्रस्तुत व्यङ्ग्यार्थको बोध हुनु नै समासोक्ति अलङ्कार हो । निम्न श्लोकमा समासोक्ति अलङ्कारको प्रयोग भएको छ-

दिनेश छाडा सरि प्रेम गाढा
गरेर सन्ध्यासँग व्योम टाढा।
घुसी महासागर लाज पारे
अहो दिनैमा पनि रात पारे ।। (सर्ग ४, श्लोक २८)

प्रस्तुत श्लोकमा टाढा बसेको आकाशले देख्दादेख्दै लाज पचाएर सूर्य र सन्ध्याले प्रेम गरेर समुद्ररूपी एकान्त गृहमा गए भन्ने प्रस्तुत वृत्तान्तको वर्णनबाट लिङ्ग, कार्य विशेषण आदिले अप्रस्तुत वृत्तान्त कामुक पुरुष र युवतीका जोडी दिउसै मानिसहरूका उपस्थितिमै एकान्तमा गए भन्ने अर्थ व्यक्त भएकाले समासोक्ति अलङ्कारको सौन्दर्य प्रकट भएको देखिन्छ ।

**श्लेष अलङ्कार**

श्लेष शब्दको अर्थ जोडिएको वा टाँसिएको भन्ने हुन्छ । एउटै पदमा दुई अर्थ रहेको अवस्थामा प्रकट हुने अर्थसौन्दर्य नै अर्थश्लेष हो । पौरस्त्य काव्यशास्त्रमा शब्दालङ्कार र अर्थालङ्कार दुवै वर्गतर्फश्लेष अलङ्कारको चर्चा गरिएको पाइन्छ । शब्दको परिवर्तन नसहने श्लेष शब्दश्लेष हो भने शब्दको परिवर्तन सहने श्लेष अर्थश्लेष हो । श्लिष्ट पदहरूद्वारा अनेक अर्थ व्यक्त गर्नु श्लेष अलङ्कार हो (थापा, २०६६, पृ.२३७ ) । श्लेष अलङ्कारको विशेषता र अवस्था भनेको एउटै शब्दका धैरै अर्थ हुनु, शब्द र अर्थ दुवै खाले श्लेष हुनु र एउटै श्लिष्ट शब्दका धैरै चमत्कारपूर्ण अर्थ देखिनु हो । ।निम्न श्लोकमा श्लेष अलङ्कारको प्रयोग भएको छ-

काव्य सार रस आत्म भावझैँ
सोम–सार रसना स्वभावझैँ।
काकु रीति ध्वनि वा अलङ्कृत
अङ्गझैं रस नदी तरङ्ग ती। (सर्ग ६, श्लोक ६)
छन्द रोमसरि वाग्विनोदिता,
प्रश्न–उत्तर सबै प्रहेलिका।
रम्य सुन्दर अलङ्करी तन
भव्य नव्य छ शरीर–साधन।। (सर्ग ६, श्लोक ७)

प्रस्तुत श्लोकहरूमा सरस्वतीपुत्र काव्यकुमारको वर्णन गरिएको छ । यहाँ प्रकट भएको एउटा अर्थ सरस्वतीको पुत्र 'सारस्वतेय'को सार (बल वा शक्ति) आत्माभाव जस्तै सबैलाई तान्न सक्ने; जिब्रो सोमरस पान गरेर आनन्द लिने देवताको जस्तो शक्तिशाली तोतेबोली काकुवक्रोक्ति, रीति, ध्वनि र अलङ्कारजस्ता कुराका कारण रसिलो ; उसको छाँटकाँट, ढङ्गढाँचा वा चालचलन शरीरका रौँजस्तै वर्णन गर्न नसकिने आनन्ददायी वा मनोरञ्जक छन् । उसले गरेका प्रश्नोत्तर शाब्दिक कूटखेलजस्ता छन् । यी कुराले उसको शरीर अलङ्कार वा गहनाले सजिएर भव्य तथा नव्य रहेको छ भन्ने लाग्दछ । अर्को अर्थ कविले रचना गरेको 'सारस्वतेय' महाकाव्य रस, छन्द, वक्रोक्ति, रीति, अलङ्कार र ध्वनिजस्ता काव्यतत्त्वले सुसज्जित भएर नव्य र भव्य रहेको छ भन्ने अर्थसमेत प्रकट भएको छ । यी दुई अर्थ प्रतीतिका लागि छन्द, प्रहेलिका, अलङ्करी, शरीरसाधन जस्ता श्लिष्ट शब्दहरू आएकाले यहाँ अर्थश्लेष अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**पर्यायोक्ति अलङ्कार**

भन्नु पर्ने कुरालाई सोझो रूपमा व्यक्त नगरेर प्रकारान्तरबाट व्यक्त गरिएमा पर्यायोक्ति अलङ्कार हुन्छ । यस्तो अभिव्यक्ति वाच्य र व्यङ्ग्य दुवैमा प्रस्तुत हुन्छ । भनाइलाई भिन्न तरिकाले व्यक्त गर्दा पर्यायोक्ति अलङ्कार हुन्छ (भामह, सन् १९३४, पृ. १९) । व्यञ्जनाद्वारा वाच्यार्थको प्रतिपादन हुनु नै पर्यायोक्ति हो (मम्मट, सन् १९८९, पृ. ५५०) । घुमाउरो पाराले वर्णन गर्दा प्रकट हुने वाच्य र व्यङ्ग्य दुवैमा अभिव्यक्त हुने अर्थसौन्दर्य नै पर्यायोक्ति अलङ्कार हो । निम्न श्लोकमा पर्यायोक्ति अलङ्कारको प्रयोग भएको छ-

शिशिरले अब शीत नल्याउँदै
जन बिजोक ठिही नउदाउँदै।
पुगिगयो दशमास यही थियो
वन महोत्सव उत्सवझैँ भयो।। (सर्ग ५, श्लोक ४७)

प्रस्तुत श्लोकमा शिशिरमा शीत नझर्दै र शिशिरको ठिहीले मानिसहरूलाई बिजोक नपार्दै सरस्वतीको गर्भ दश महिना पूरा भएर शिशुको जन्म भयो भन्ने सोझो अर्थलाई छाडेर प्रकारान्तरले वनमा ठूलो उत्सव झैँ महोत्सव सम्पन्न भयो भनी वर्णन गरिएकाले कथ्यमा विशेष प्रकारको अर्थ सिर्जना भई पर्यायोक्ति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**व्याजस्तुति अलङ्कार**

स्तुतिको बहानामा निन्दा र निन्दाको बहानामा स्तुति बुझिएर अर्थ चमत्कार सिर्जना भएमा व्याजस्तुति अलङ्कार

प्रकट हुन्छ । यो वाच्यार्थपरक र व्यङ्ग्यार्थपरक दुवै रूपमा प्रकट हुन्छ । यसमा वाच्यार्थ स्तुतिपरक भएमा व्यङ्ग्यार्थ निन्दापरक हुन्छ र वाच्यार्थ निन्दापरक भएमा व्यङ्ग्यार्थ स्तुतिपरक हुन्छ । अप्पयदीक्षितले निन्दा वा स्तुतिद्वारा क्रमशः स्तुति वा निन्दाको भाव प्रस्तुत हुनु नै व्याजस्तुति अलङ्कार हो (अप्पयदीक्षित, सन् १९९७, पृ. १२८ ) भनेका छन् । जहाँ प्रारम्भमा निन्दा र अन्तमा स्तुति प्रतीति हुन्छ अथवा प्रारम्भमा स्तुति र अन्तिममा निन्दा प्रतीति हुन्छ , त्यहाँ व्याजस्तुति अलङ्कार हुन्छ । स्तुतिमा गएर थिउरिने निन्दा र निन्दामा गएर थिउरिने स्तुति व्याजस्तुति अलङ्कार हो (भट्टाचार्य, २०५७, पृ. २१३ ) । समग्रमा स्तुतिबाट निन्दा र निन्दाबाट स्तुति बुझिएर अर्थ चमत्कार सिर्जना हुनु व्याजस्तुति अलङ्कार हो । निम्न श्लोकमा व्याजस्तुति अलङ्कारको प्रयोग भएको छ-

फुरेर आए न त भावनाहरू,  
जुरेर आए उपमा न जागरु।  
न कल्पना हे बुध ! क्षुद्र जीव छ,  
अझै मभन्दा कविता गरीब छ॥ (सर्ग १, श्लोक ५९)

प्रस्तुत श्लोकमा कविले आफ्नो निन्दा गरेजस्तो गरेर विनम्र भावमा आफ्नो प्रशंसा गरेका हुनाले व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ । कविले कविता लेख्न भावना चाहिने, त्यसलाई उपमाले अझ राम्रो बनाउने, कल्पनाशील कविले मात्र राम्रा कविता रचना गर्न सक्ने, आफूसँग यी कुनै कुरा नभएकाले आफू यी सबै कुराका अभावमा क्षुद्र जीव भएको र आफूभन्दा आफूले रचना गरेको महाकाव्य अझ गरिब वा तल्लो स्तरको भएको भनी आफूलाई हदैसम्मको निन्दा गरेका छन् । यो निन्दाबाट उनले विनम्र भावमा आफ्नो कवित्व उच्च रहेको भाव प्रकट गरिएकाले यस श्लोकमा व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकट भएको देखिन्छ । व्याजस्तुति अलङ्कारका माध्यमबाट कविले आफू कल्पनाशील कवि रहेको, उपमा अलङ्कार प्रयोगमा आफू उत्कृष्ट तथा सिद्धहस्त रहेको र आफ्नो महाकाव्य उच्चस्तरको भएको कुरा व्यङ्ग्यार्थका रूपमा प्रकट गरेका हुनाले व्याजस्तुति अलङ्कारको सौन्दर्य प्रकाशित भएको छ ।

**अर्थान्तरन्यास अलङ्कार**

सामान्यकथनलाई विशेष कथनले र विशेष कथनले सामान्य कथनलाई समर्थन गरिएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ। सामान्य कथन भनेको सबैसँग सम्बद्ध वा सर्वदेशीय हुन्छ भने विशेष कथन एउटासँग मात्र सम्बद्ध वा सीमित हुन्छ । यी दुवै किसिमका कथनहरूमा एक आपसको समर्थन भावका आधारमा चमत्कार उत्पन्न हुनु नै अर्थान्तरन्यास अलङ्कारको विशेषता र पहिचान हो । पूर्वकथित अर्थसँगै अन्य अर्थको कथन हुँदा पूर्वकथित अर्थसँग सम्बन्ध भएमा अर्थान्तरन्यास अलङ्कार हुन्छ (भामह, सन् १९३८, पृ. १६) । साधर्म्य वा वैधर्म्य जुनसुकै अवस्थामा पनि सामान्यलाई विशेषले अथवा विशेषलाई सामान्यले समर्थन गरेको पाइएमा अर्थान्तरन्यास अलङ्कार हो । निम्न श्लोकमा अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको छ-

बुद्धिको कण समुद्र झैं भयो  
विश्व एक रवि रश्मि फैलियो।  
बीज हुन्न किन ? त्यो शतौं गुना ?  
रोपिए यदि प्रशुद्ध खेतमा॥ (सर्ग ६, श्लोक ५९)

प्रस्तुत श्लोकमा ज्ञानको विस्फोट भएपछि विश्वमा ज्ञानको ज्योति फैलन्छ भन्ने सामान्य कथनलाई विशुद्ध वा उब्जाउयोग्य खेतमा लगाएको बीजबाट सयौँगुणा उत्पादन हुन सक्छ भन्ने विशेष कथनले समर्थन गरी अर्थसौन्दर्य प्रकाशित गरिएकाले अर्थान्तरन्यास अलङ्कारको सौन्दर्य प्रकाशित भई कथ्य अर्थमा सौन्दर्यवर्धन भएको देखिन्छ ।

**तुल्ययोगिता अलङ्कार**

अनेक प्रस्तुत र अनेक अप्रस्तुत वस्तुका बिचमा एउटै समान धर्मको कथन गरी अर्थ चमत्कार सिर्जना गर्दा तुल्ययोगिता अलङ्कार प्रकट हुन्छ । यसमा प्रस्तुतसँग प्रस्तुतको र अप्रस्तुतसँग अप्रस्तुतको एउटै धर्म, गुण तथा क्रियाको वर्णन गरिन्छ तर प्रस्तुतसँग अप्रस्तुतको तुल्यता भने देखाउने काम गरिँदैन । न्यून तथा विशिष्टका बिच गुणसाम्य देखाउनका लागि तुल्य कार्य र क्रियाको योग भएमा तुल्ययोगिता अलङ्कार हुन्छ (भामह, सन् १९३८, पृ. २१) । साधारण धर्मका आधारमा दुई समान कोटिका पदार्थहरूमा समता स्थापित गर्नु तुल्ययोगिता अलङ्कार हो (मम्मट,सन् १९८०, पृ. ५२२) । प्रस्तुतको प्रस्तुतसँग र अप्रस्तुतको अप्रस्तुतसँग एकधर्माभिसम्बन्ध देखाउँदा तुल्ययोगिता अलङ्कार हुन्छ । निम्न नमुना श्लोकमा तुल्ययोगिता अलङ्कारले कथ्यमा सौन्दर्यवर्धन भएको छ-

अनेकौँ गरे नाचगाना जमाना
फिरे झैँ भयो गाउँमा ज्ञान नाना ।
सिके छात्रले झैँ सबैले ललाम
थिए पुष्ट देह युवा बाल वामा ।। (सर्ग ९, श्लोक १९)

प्रस्तुत श्लोक भार्गवी कच्छव प्रान्तको उर्वरभूमि पुगेपछि त्यहाँ देखिएका मानिसहरूको शारीरिक पुष्टताको वर्णन गर्ने क्रममा आएको हो । युवा, बाल र वामा (सुन्दर नारी) जस्ता विभिन्न उमेरका मानिसहरूको एउटै धर्म पुष्ट देह भएको कुरा वर्णन गरी विभिन्न प्रस्तुत मानिसको एउटै सामान्य धर्म वर्णन गरिएकाले तुल्ययोगिता अलङ्कारको सौन्दर्यवर्धन भएको छ ।

## निष्कर्ष

सादृश्यविच्छित्तिमूलक वर्गका अलङकारहरूमा दुई वस्तुहरूका बिचमा द्रव्य, गुण, जाति, क्रिया, स्वरूप जस्ता कुरामा समानता प्रस्तुत गरिन्छ । *'सारस्वतेय'* महाकाव्यमा सादृश्यविच्छित्तिमूलक वर्गका उपमा, मालोपमा, उपमेयोपमा, अनन्वय, रूपक, परिणाम, स्मृति, उत्प्रेक्षा, दृष्टान्त, सन्देहलगायतका अट्ठाइसओटा अलङ्कारहरूको प्रयोगद्वारा सौन्दर्य प्रकाशित गरिएको छ । यी विविध अलङ्काहरूको सहज र स्वतःस्फूर्त अभिव्यक्तिले महाकाव्यको कथ्य अर्थ आस्वादनयुक्त भएको छ । अलङ्कारको प्रयोगबाट महाकाव्यको काव्यात्मक उच्चता बढेको छ । यस कार्यले 'सारस्वतेय' महाकाव्यको कथ्यलाई सौन्दर्यपूर्ण, आस्वादनीय, ग्राह्य, आह्लादकारी र काव्यमय बनाउने कार्यमा सहयोग पुगेको छ । यस वर्गका अलङ्कारका लागि आवश्यक पर्ने उपमान, उपमेय, साधारणधर्म र वाचक शब्द जस्ता उपकरणका सहयोगमा 'सारस्वतेय' महाकाव्यको कथ्य अर्थ परिपुष्ट भई सौन्दर्यको सिर्जना र उक्तिवैचित्र्य सिर्जना भएको छ । 'सारस्वतेय' महाकाव्यको भाव सादृश्यविच्छित्तिमूलक वर्गका अलङ्कार प्रयोगका कारणले नै आह्लादपूर्ण, काव्यात्मक, सौन्दर्यपूर्ण, कलात्मक, गम्भीर र आस्वादनयुक्त बन्न पुगेका छ । पुराण, प्रकृति, समाज, मानवीय अनुभूति आदिको वर्णनका क्रममा अर्थसँग समाविष्ट भएर यी अलङ्कारहरू आएका छन् । अलङ्कारहरूको अभिव्यक्तिले महाकाव्यमा प्रस्तुत गरिएको भाव कलात्मक, आकर्षक र प्रभावकारी बन्न पुगेको देखिन्छ । लम्सालले प्रकृतिपरक, समाजपरक, अध्यात्मपरक, राष्ट्रप्रेमपरक, संस्कृतिपरक,

राजनीतिपरक कथ्यको प्रकटीकरणका लागि अलङ्करयोजना गरेका छन् । यी विभिन्न कथ्यको प्रभावकारी अभिव्यक्ति गर्ने क्रममा प्रयक्त अलङ्कारहरूका कारण कथ्य र अलङ्कारका बिचमा अन्योन्याश्रित, परिपूरक, बिम्बप्रतिबिम्बभाव, साधर्म्य एवं सादृश्यमूलक सम्बन्ध स्थापित भएको देखिन्छ ।

'सारस्वतेय' महाकाव्यमा अलङ्कारयोजनाको प्रयोजन महाकाव्यको कथ्य अर्थलाई वैचित्र्यपूर्ण, प्रभावकारी, आकर्षक र काव्यात्मक स्वरूप प्रदान गर्नु रहेको देखिन्छ । महाकाव्यमा प्रयुक्त विविध कथ्यगत सौन्दर्यको वृद्धि गर्न; शृङ्गार, करुण, भयानक र शान्त र वीररसको अभिव्यञ्जन गर्नका लागि लम्सालले अलङ्कारयोजना गरेको देखिन्छ । लम्सालद्वारा पौराणिक विषयक भाव, प्रकृतिप्रेम विषयक भाव, देवादिविषयक भाव, राष्ट्रप्रेम विषयक भाव, मानवीय प्रणभाव आदिको अभिव्यक्तिका लागि महाकाव्यमा अलङ्कायोजना गरिएको पाइन्छ । मानवीय जीवनका विविध अवस्थामा अनुभव गरिने स्मृति, मति, दैन्य, गर्व र हर्षजस्ता विविध भावहरूको भावाभिव्यञ्जन गर्न लम्सालले अलङ्कारयोजना गरेको देखिन्छ । प्रयुक्त अलङ्कारहरूमध्ये यस महाकाव्यमा सबैभन्दा बढी उपमा अलङ्कार प्रयोग भएको देखिन्छ । मानवीय जीवनका सुखदुःख, हर्षपीडा, मति जस्ता सञ्चारी भावको मार्मिकता बढाउनका लागि अवस्थाअनुसार उपयुक्त हुने उपमान र उपमेय चयन गरी भावोत्कर्ष र रसोत्कर्षलाई सघाउन अलङ्कारहरू अभिन्न अङ्गका रूपमा आएका छन्।

## सन्दर्भसामग्रीसूची


अप्पयदीक्षित (सन् १९९७), *कुवलयानन्द* (चतुर्थ.संस्क), भोलाशङ्कर व्यास(व्या), चौखम्बा विद्याभवन।

उद्भट (सन् १९२८), *काव्यालङ्कारसङ्ग्रह* (द्वितीय.संस्क), पाण्डरङ्ग जावजी।

चापागाईँ, नरेन्द्र (२०४७), 'सारस्वतेय' महाकाव्यः सङ्क्षिप्त मन्तव्य, *'सारस्वतेय'*, (पृ.१०-१६)।

चापागाईँ, नरेन्द्र र दधिराज सुवेदी (२०५२), *काव्यसमालोचना*, पूर्वाञ्चल साहित्य प्रतिष्ठान।

जगन्नाथ (सन् १९०२), *रसगङ्गाधर* (व्या.केदारनाथ झा), सम्पूर्णानन्द विश्वविद्यालय।

जयदेव (सन् २०१९), *चन्द्रालोक*, श्रीकृष्णमणि त्रिपाठी (व्या.), चौखम्वा सुरभारती।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (सम्पा.२०६०), *नेपाली कविता भाग–१* (दोस्रो.संस्क.), साझा प्रकाशन।

थापा, मोहनहिमांशु (२०६६), *साहित्य परिचय* (पाँचौं.सस्क.), साझा प्रकाशन।

दण्डी, (सन् १९५८), काव्यादर्श, जमुना पाठक (व्या), कृष्णदास अकादमी।

पागल, उप्रेन्द्र, (२०८०) केही पूर्वदीप्तिमा भोला दाइ, *शब्दसार,* पीताम्बरभोला लम्साल स्मृति अङ्क, दिनेश पौडेल (सम्पा.) ,पृ.६८-७२)।

पोखरेल, भोलानाथ (२०५६), *सुनसरीको साहित्यिक इतिहास*, [अप्रकाशित लघु अनुसन्धान], त्रिभुवन विश्वविद्यालय।

पौडेल, दिनेश (सम्पा.२०८०*), शब्दसार*, पूर्णाङ्क ९(माघ–फागुन–चैत–२०७९, वैशाख २०८०)।

पौडेल, सुधन (२०८०), सुनौलो युगको सुनौलो आयाम, शब्दसार, (पूर्णाङ्क ९,पृ.९३–९५)।

भट्टराई, तीर्थराज(२०८०), पीताम्बरभोला लम्सालका महाकाव्यहरूको सर्वेक्षण, *शब्दसार,* (पूर्णाङ्क ९, पृ. ९६-१०२)।

भट्टराई, तीर्थराज(२०८२), *'सारस्वतेय' महाकाव्यमा अलङ्कारयोजना*, [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध] नेसंवि।

भण्डारी, गोपाल,(२०८०), कवि भोलामा सम्झना, *शब्दसार,* (पीताम्बरभोला लम्साल स्मृति अङ्क), दिनेश पौडेल (सम्पा.),पृ.८१-८३)

भट्टाचार्य, कान्तिचन्द्र (२०५७), *काव्यदीपिका* (द्वितीय.संस्क., व्या.देवीमाधव ढकाल), प्रभालक्ष्मी राणा।
भट्टाचार्य, कान्तिचन्द्र (२०६७), *काव्यदीपिका* (तृतीय.संस्क.,व्या.देवीमाधव ढकाल), विद्यार्थी पुस्तक भण्डार।
भामह (सन् १९३८), *काव्यालङ्कार* (द्वितीय.संस्क.), चौखम्वा संस्कृत संस्थान।
मम्मट (सन् १९८०), *काव्यप्रकाश* (व्या.आचार्य शिवराज कैण्डिन्न्यायन, मोतीलाल बनारसीदास।
रुय्यक (सन् १९९४), *अलङ्कारसर्वस्वम्,* त्रिलोकीनाथ द्विवेदी (व्या.), चौखम्बा सुरभारती प्रकाशन।
रुय्यक (सन् २०१६), *अलङ्कारसर्वस्वम्* (व्या.डा.त्रिलोकीनाथ द्विवेदी), चौखम्बा सुरभारती प्रकाशन।
रुद्रट (सन् १९८९), काव्यालङ्कार, रामदेव शुक्ला(व्या.), चौखम्बा विद्याभवन।
रेग्मी, नगेन्द्रराज (२०८०), सम्झनाका तरेलीमा पीताम्बरभोला लम्साल, *शब्दसार* (पूर्णाङ्क ९, पृ. १५३-१५६)।
लम्साल, पीताम्बरभोला (२०४७), *'सारस्वतेय',* पूर्वाञ्चल साहित्य प्रतिष्ठान।
वामन (सन् १९९५), *काव्यालङ्कारसूत्राणि* (द्वितीय.संस्क.), सुरभारती प्रकाशन।
विश्वनाथ (सन् १९७७), *साहित्यदर्पण,* मोतीलाल बनारसीदास।
विश्वनाथ (२०२३), *साहित्यदर्पण*, (अनु.कोमलनाथ अधिकारी), रोयल नेपाल एकेडेमी।

●●●